मुख्यमन्त्री

कोशी प्रदेश, विराटनगर नेपाल

# शुभकामना सन्देश

राष्ट्रिय प्रजातन्त्र दिवस,२०८० को अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु । यस अवसरमा नागरिक अधिकार सुनिश्चित गर्दै लोकतान्त्रिक शासन प्रणाली स्थापनाका लागि भएका संघर्षहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात, अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै, मुलुकमा प्रजातन्त्र स्थापनाका लागि भएका आन्दोलनहरूलाई मार्गदर्शन गर्ने अग्रजहरूप्रति हार्दिक सम्मान एवम् श्रद्धा प्रकट गर्दछु ।

वि.सं. २००७ साल फागुन ७ गते जनताको संघर्षले जहाँनिया निरङ्कुश शासनको अन्त्य गरी प्रजातन्त्र स्थापना गरेको दिन थियो । जनताको संघर्षले रैतीबाट नागरिक भएको उक्त दिनलाई प्रजातन्त्र दिवसका रुपमा स्मरण गर्ने गरिन्छ । मुलुकमा आज हामीले प्राप्त गरेको संघीय लोकतान्त्रिक गणतन्त्रको जग २००७ सालको क्रान्तिबाट नै निर्माण भएको हो । वर्तमान शासन व्यवस्थाले सहिदको मार्गदर्शन, जनताको आवश्यकता र आकांक्षालाई मूर्त रुप दिन सक्नु पर्छ । यसका लागि हामीले मानवीय विकास, सामाजिक न्याय, समाजिक सद्भाव तथा आर्थिक समुन्नतिलाई राष्ट्रको मूल लक्ष्य बनाउनु पर्दछ । राज्यशक्तिको स्रोत नै जनता हुन् भन्ने मान्यतामा आधारित रही लोकतान्त्रिक मूल्य मान्यतालाई जीवन पद्दति बनाउन सके प्रजातन्त्र दिवसको सार्थकता पुष्टि हुन्छ ।

लोकतन्त्रका मूल्य, मान्यता र आदर्शहरुलाई स्थापित गर्नु अहिलेको हाम्रो मुख्य कार्यभार हो । लोकतन्त्र सिद्धान्त हो । यो हाम्रो चिन्तन, जीवन पद्धति र व्यवहार पनि हो । यसको विकास, विस्तार र सुदृढीकरण निरन्तर चलिरहने प्रक्रिया हो । लोकतन्त्रको समीक्षा यसको अभ्यासबाट हुने गर्छ । जिम्मेवार निकायबाट लोकतन्त्रको व्यवहारिक अभ्यास भएमात्र जनस्तरबाट यसप्रति गहिरो विश्वास आर्जन गर्न सकिन्छ । लोकतन्त्रप्रतिको साँचो प्रतिबद्धता र यसको रक्षाको दायित्व हामी सबैको कर्तव्य हो । मानवीय क्षमताको विकास गर्न प्रदेश सरकारले बालबालिकाको शिक्षा र स्वास्थ्यको क्षेत्रमा कार्य गरिरहेको छ । समतामुलक विकासका लागि गरिव, दलित, भूमिहीन सुकुम्बासीका समस्या समाधान गर्न क्रियाशील छ । कृषि, पर्यटन, औद्योगिक क्षेत्रको विकास मार्फत रोजगारीको सिर्जना गरी लोकतन्त्रका लाभहरुको समन्यायिक वितरणका लागि सरकार प्रयत्नशील छ ।

अन्तमा,नेपालको संविधानप्रति प्रतिवद्ध रहँदै दिगो शान्ति, सुशासन, विकास र समृद्धिको राष्ट्रिय आकांक्षा साकार बनाउन हामी सबैमा प्रेरणा जागोस् भन्ने शुभेच्छा सहित प्रजातन्त्र दिवसको शुभकामना व्यक्त गर्दछु ।

२०८० फागुन ७ गते सोमबार ।
नेपाल संवत् ११४४ सिल्लाथ्व दशमी ।

केदार कार्की
मुख्यमन्त्री